**Program** **:Electoral System Design and Affirmative Actions for Ensuring Women's Human Rights and Gender Equality**

**Date** **: 2068/10/12**

मिति २०६८/१०/१२ गतेका दिन राष्ट्रिय महिला आयोग र UN Women को संयुक्त आयोजनामा *Electoral System Design and Affirmative Actions for Ensuring Women's Human Rights and Gender Equality* विषयक कार्यशाला गोष्ठी, राष्ट्रिय महिला आयोगको सभा हलमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती, सम्बन्धित विषयका विज्ञ महानुभावहरू र सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो भने कार्यक्रम राष्ट्रिय महिला आयोगका सदस्य मोहना अनसारीज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा अधिवक्ता डा. विपिन अधिकारीले विषयमा केन्द्रित भएर कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने कार्यपत्र प्रस्तुति लगतै प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती र प्रो. कृष्ण खनालद्वारा प्रस्तुत कार्यपत्र माथि टिप्पणी गरिएको थियो ।







कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै राष्ट्रिय महिला आयोगका सचिव डा. बद्री पोख्रेलले उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै आजको कार्यक्रमको छलफल निर्वाचन प्रणालीको कस्तो स्वरूप हुने, कस्तो निर्वाचन प्रणाली अपनाउँदा महिला सहभागीतामा वृद्धि हुने र निर्णय प्रक्रियामा महिलाको पहुँच हुने र साथै लैङ्गिक समानताको सुनिश्चित हुने लगायतका विषयमा केन्द्रित हुने बताउनुभयो । उहाँले कार्यक्रममा उपस्थित विज्ञहरूको सल्लाह र सुझावबाट प्राप्त निचोडलाई राष्ट्रिय महिला आयोग मार्फत संविधान सभामा प्रस्तुत गरिने र यसले समग्र महिला उत्थानका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो ।

अधिवक्ता डा. विपिन अधिकारीद्वारा *Electoral System Design and Affirmative Actions for Ensuring Women's Human Rights and Gender Equality* शीर्षकमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले अन्तरिम संविधान २००८ ले १९९० को संविधानभन्दा पृथक ढङ्गको निवार्चन प्रणाली अङ्गालेर महिलाको प्रतिनिधित्व र समावेशी को क्षेत्रमा निकै सकरात्मक परिवर्तन ल्याई,लैङ्गिक समानताका हक र सकरात्मक पहल को पनि व्यवस्था गरेको बताउनुभयो । तरपनि यस निवार्चन प्रणालीले PR list मा कोटाको प्रावधान हुँदा पनि अधिकांश राजनीतिक पार्टीहरूले पिछिडिएका जातीलाई चाहिने

जति सिट उपलब्ध गराउन नसकेको र FPTP निवार्चनमा पनि महिलाको उचित सहभागीता सुनिश्चित गर्न नसकेको बताउनुभयो ।

अहिले नयाँ संविधानको draft ले समानताको हक, अभिवेद र सकरात्मक पहल को व्यवस्थालाई समाहित गरेको पाइएको बताउनुभयो । अबको नयाँ बन्ने संविधानमा मिश्रित निवार्चन प्रणाली नै अपनाउने तय भएता पनि कति प्रतिशत सिट FPTP system मा र कति प्रतिशत PR system मा हुने तय नभइसकेको र त्यसैगरी नयाँ सविधानमा राज्यको कस्तो स्वरूप हुने र अब बन्ने संसदको स्वरूप unicameral हुने कि bicameral हुने त्यसमा पनि प्रष्ट नभएको बताउनुभयो ।






उहाँले आफ्नो कार्यपत्रमा निवार्चन प्रणाली सम्बन्धी चाहिने केही प्रावधानहरूको बारेमा पनि उल्लेख गर्नुभएको थियो । उहाँले महिलाको उचित प्रतिनिधित्वको निम्ति बहुसदसीय constituency system को महत्व रहेको र PR को लागि दलहरूले तयार पारेको closed list ले पनि महिलाको उचित प्रतिनिधित्व गर्नुपर्ने र closed list मा पहिलो उम्मेदवार पुरूष छ भने दोस्रो महिला हुनुपर्ने बताउनुभयो । उहाँले अब बन्ने सविधानले राज्यलाई महिलाको नेतृत्व विकास गराउन दस वर्षे रणनीतिको विकास गर्न निर्देशन दिनुपर्ने र यो रणनीतिले निर्वाचित महिलालाई नेतृत्व विकासको तालिमको व्यव्स्था पनि मिलाउनुपर्ने बताउनुभयो ।

प्रस्तुत कार्यपत्र माथी टिप्पणी गर्दै निलकण्ठ उप्रेतिले उक्त कार्यपत्रको प्रशंसा गर्नुभएको थियो । उक्त कार्यपत्रले निवार्चन प्रणालीका प्रावधानहरू, सविधानका के कस्ता स्वरूप हुने त्यसबारे प्रष्ट पारेको तर कार्यपत्रमा कार्यपत्र प्रस्तोताको आफ्नो सुझाव नभएको बताउनुभयो । साथै, उहाँले कार्यपत्रमा साउथ अफ्रिकाले अपनाएको निर्वाचन प्रणालीको व्याख्या भएको भए कार्यपत्र अझै स्तरिय हुने पनि बताउनुभयो । उहाँले निर्वाचन प्रणालीमा FPTP मा महिलाको प्रतिनिधित्व को सनिश्चित हुनुपर्ने र संविधानले कति प्रतिशत महिलाको प्रतिनिधित्वको ग्यारेण्टी गर्नुपर्छ त्यो कुरा कार्यपत्रमा प्रष्ट हुनुपर्ने बताउनुभयो । उहाँले महिलाको उचित प्रतिनिधित्वको लागि अर्थपूर्ण समानुपातिक र बहुसदसीय प्रणालीको महत्व रहेको पनि बताउनुभयो । निवार्चन प्रणालीमा Top down approach भन्दा Bottom up approach बाट जाँदा महिला, महिलाभित्रका दलित,

आदिवासी, जनजाती , मधेसी आदिको प्रतिनिधित्वको ग्यारेण्टी गर्न सकिने बताउनुभयो । उहाँले निर्वाचन प्रणाली कम खर्चिलो र कार्यान्वयनलाई सजिलो हुने खालको हुनुपर्ने उल्लेख गर्नुभयो ।

त्यसैगरी , अर्को टिप्पणी कर्ता कृष्ण खनालले कार्यपत्र निकै प्रशंसनीय भएको बताउनुभयो । उहाँले कार्यपत्रले सकरात्मक पहलको पक्षलाई त्यति नसमेटेको टिप्पणी समेत गर्नुभयो । उहाँले समावेशी सविधानसभाको सूचिमा नेपाल सत्रौं मा परेतापनि हाम्रो देशको अवस्था माथि नउठेकोमा गुनासो गर्नुभयो । उहाँले पनि महिलाको उचित प्रतिनिधित्वको लागि अर्थपूर्ण समानुपातिक र बहुसदसीय प्रणालीको महत्व रहेको  र महिलाको कति प्रतिशत प्रतिनिधित्वको  आवश्यक छ ? ३३ ,५० वा त्यो भन्दा बढि हुनुपर्ने हो यो कुरा  कार्यपत्रमा स्पष्ट खुलाउनुपर्ने आवश्यक रहेको बताउनुभयो ।







त्यसैगरी, खुला छलफलको क्रममा कार्यक्रममा उपस्थित विभिन्न सहभागीहरूले कार्यपत्र निकै विस्तृत र प्रशंसनीय भएको बताए । कार्यक्रममा उपस्थित एक सहभागीले निर्वाचन प्रणालीमा महिलाको समानुपातिक सहभागीताको सुनिश्चितता गरिनुपर्ने तर यसको लागि नेपाल कति हदसम्म सक्षम छ भन्ने जिज्ञासा राख्नुभयो । उहाँले FPTP मा महिलाको ५१ प्रतिशत प्रतिनिधित्व को ग्यारेण्टी हुनुपर्ने र महिलाको लागि आरक्षणको व्यवस्था पनि हुनुपर्ने बताउनुभयो ।

कार्यक्रमा बोल्दै राष्ट्रिय महिला आयोगका सचिव डा. बद्री पोखेलले निर्वाचन प्रणालीमा महिलाको प्रतिनिधित्व  केवल प्रतिशतले मात्र नहुने प्रष्ट पार्नुभयो । उहाँले कार्यपत्रलाई अन्तिम रूप दिने क्रममा कति महिलाको प्रतिनिधित्व FPTP मा हुनुपर्ने र कति प्रतिशत PR मा हुनेपर्ने त्यो कुरा प्रष्ट आउनुपर्ने बताउनुभयो ।

अन्तिममा, राष्ट्रिय महिला आयोगका सदस्य मोहना अन्सारीद्वारा निर्वाचन प्रक्रिया महिला मैत्री हुनुपर्ने, महिलाको ५० प्रतिशतको समानुपातिक समावेशीको सुनिश्चिता हुनुपर्ने र निर्वाचन आयोगलाई बलियो बनाउनु पर्ने धारणा राख्दै उपस्थित सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिई कार्यक्रम समाप्तिको घोषणा गर्नु भयो ।